# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय जलेश्वर वितरण केन्द्र, महोत्तरीमा कार्यरत ईलेक्ट्रिसियन तेस्रो तहका लालबाबु पण्डित समेतले सेवाग्राहीको राईस मिलमा थ्रि-फेज विद्युत मिटर जडान गर्ने प्रयोजनका लागि घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिइ गएको टोलीले निज लालबाबु पण्डित र सोही कार्यालयमा कार्यरत फोरमेन चौथो तहका बाबुसाहेब सिंहलाई रु.३०,०००/-(तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा सोही कार्यालयमा कार्यरत ईलेक्ट्रिसियन तेस्रो तहका संजिबकुमार साह समेतको संलग्नता र मिलेमतोमा उक्त कार्य भएको देखिएकोले, निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निज राष्ट्रसेवकहरु बाबुसाहेब सिंह, लालबाबु पंडित र संजिव कुमार साहलाई बिगो रु. ३०,०००/-(तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र तीन महिना देखी चार महिनासम्म कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता